REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 10.07.2026

## मुख्यमन्त्रीले राष्ट्रिय माछा किसान दिवसको शुभकामना दिनुभयो

राष्ट्रिय माछा किसान दिवस 2026 को अवसरमा, मुख्यमन्त्री प्रेम सिंह तामाङले सिक्किम र देशभरका सबै माछा किसानहरू र माछापालन क्षेत्रका सरोकारवालाहरूलाई शुभकामना दिँदै हार्दिक प्रशंसा व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो, सिक्किम सरकार प्रत्येक माछापालकको कल्याण र सशक्तिकरणको लागि प्रतिबद्ध छ। सिलिगुडीमा सम्पन्न पहिलो सफल सिक्किम माछा महोत्सवले हाम्रा किसानहरूलाई सिक्किमको प्रिमियम Rainbow ट्राउट, स्वदेशी माछाका प्रजातिहरू र मूल्य अभिवृद्धि उत्पादनहरू प्रदर्शन गर्न बहुमूल्य मंच प्रदान गर्ने प्रतिबद्धताको उदाहरण दियो, मुख्यमन्त्रीले भन्नुभयो, प्रधानमन्त्री मत्स्य सम्पदा योजना तथा राज्यको आफ्नै मुख्यमन्त्री मत्स्य उत्पादन योजना अन्तर्गत हामीले उत्पादनको आधुनिकीकरणमा लगानी गर्न जारी राखेका छँऊ।

## राष्ट्रिय Taekwondo चैंपियनशिपमा बाबू - छोरीको जोडीले सिक्किमको लागि स्वर्ण र रजत जिते

सिक्किमका बाबू-छोरीको जोडी, ग्रैंड मास्टर त्रिलोक सुब्बा र अद्वैती सुब्बाले 8 देखि 11 जुलाई सम्म पुणेको छत्रपति शिवाजी स्टेडियममा आयोजित भईरहेको 5 औं राष्ट्रिय Taekwondo पुम्से चैंपियनशिपमा 2026 मा स्वर्ण र रजत पदक जितेर राज्यको नाम रोशन गरेका छन्। 8 औं डान ब्ल्याक बेल्टका ग्रैंड मास्टर त्रिलोक सुब्बाले भारतभरका शीर्ष प्रतिस्पर्धीहरूलाई हराउँदै 60 वर्ष मुनिका पुरुषहरूको एकल समूह" अर्थात् व्यक्तिगत पुम्से वर्गमा स्वर्ण पदक जिते। उनकी छोरी, तेस्रो दान ब्ल्याक बेल्ट अद्वैती सुब्बाले 30 वर्ष मुनिका महिलाहरूको

व्यक्तिगत पुम्से प्रतियोगितामा रजत पदक जितिन्। त्रिलोक सुब्बाले भने, उनीहरूको उपलब्धिले यस सेप्टेम्बरमा दक्षिण कोरियामा हुने विश्व Taekwondo पुम्से चैंपियनशिपमाको लागि छनोटको दिशामा महत्त्वपूर्ण कदम चालेको छ।

## एसएफएले 16 जुलाई देखि ए डिभिजन लिग शुरु हुने घोषणा गर्यो

सिक्किम फुटबल संघ (एसएफए) ले आज 2026 सिजनको लागि आफ्नो फुटबल क्यालेन्डर अनावरण गर्यो र एसएफए फुटबल हाउस, गान्तोकमा आयोजित पत्रकार सम्मेलनमा SFA ए डिभिजन लिगको थालनीको घोषणा गर्यो।

सञ्चारकर्मीलाई सम्बोधन गर्दै SFAका महासचिव फुर्वा शेर्पाले SFA ए डिभिजन लिग 16 जुलाईमा शुरु हुने बताए, जसमा 10 टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। उनले जानकारी दिए कि जोङ्ङ्ग्री एफसी र Northerners FC यस वर्षको प्रतियोगितामा दुई नयाँ प्रवेशकर्ता हुन्। अन्य टोलीहरू सिक्किम पुलिस एफटी, सिक्किम ब्रदरहुड एफसी, सिक्किम आक्रमन एफसी, गान्तोक हिमालयन एससी, हाउलर्स स्पोर्टिङ सिङ्ताम, साङ मुस्ताङ फुटबल क्लब, रेड पाण्डा एफसी, सिक्किम ब्वाइज एफसी हुन्।

श्री शेर्पाले घोषणा गरे कि सिक्किम प्रिमियर लिगबाट प्रतिबन्धित खेलाडीहरू AIFFको नयाँ नियमहरू अनुसार ए डिभिजन लिगमा भाग लिन योग्य हुनेछैनन् र सञ्चालन खर्च घटाउन सबै खेलहरू गान्तोकको पाल्जोर stadiumमा खेलाइनेछ । महासचिवले SFA महिला लिगको तयारी पनि भइरहेको र थप विवरण चाँडै घोषणा गरिने बताए।

## BAS ले सिक्किम पर्यावरण पर्व 2026 को अवसरमा सबै जिल्लाहरूमा राज्यव्यापी बृक्षारोपण अभियान आयोजना गर्यो

एकता र पर्यावरणीय जिम्मेवारीको उल्लेखनीय प्रदर्शन गर्दै, सिक्किम ब्याडमिन्टन संघ (BAS) ले आफ्ना सबै सम्बद्ध जिल्ला ब्याडमिन्टन संघहरू र सम्बद्ध क्लबहरूसँगको समन्वयमा आज सिक्किम पर्यावरण पर्व 2026 को एक भागको रूपमा सिक्किमका सबै जिल्लाहरूमा राज्यव्यापी बृक्षारोपण अभियान सफलतापूर्वक आयोजना गर्यो। सिक्किम सरकारले 1 देखि 14 जुलाई सम्म "सिक्किम पर्यावरण पर्व" घोषणा गरेको छ, जुन पर्यावरणीय संरक्षण र दिगो विकासलाई प्रवर्धन गर्न समर्पित राज्यव्यापी पर्यावरणीय अभियान हो। सिक्किम ब्याडमिन्टन संघका प्रमुख

संरक्षकको रूपमा पनि काम गर्ने मुख्यमन्त्री प्रेम सिंह तामाङको दूरदर्शी पहलबाट प्रेरित भएर, BAS ले राज्यभरि आफ्नो ब्याडमिन्टन समुदायलाई परिचालन गरेर यस महान अभियानमा सम्पूर्ण हृदयले शामेल भयो।

## आगामी 212औं भानुजयन्ती समारोहलाई भव्य, गरिमामय र ऐतिहासिक रूपमा मनाउनेः नेपाली साहित्य परिषद् सिक्किम

आगामी 212औं भानुजयन्ती समारोहलाई भव्य, गरिमामय र ऐतिहासिक रूपमा मनाउने उद्देश्यले नेपाली साहित्य परिषद् सिक्किमको मुख्यालयमा परिषद्का अध्यक्ष हरि ढुङ्गेलको अध्यक्षतामा विभिन्न जातीय, सामाजिक, सांस्कृतिक तथा साहित्यिक संघ-संस्थाका प्रतिनिधिहरूको समन्वय बैठक सम्पन्न भयो।

परिषद्ले सम्पूर्ण साहित्यप्रेमी तथा नेपाली भाषी समुदायलाई समारोहमा उत्साहपूर्ण सहभागिताका लागि हार्दिक आह्वान गरेको छ।

## कृषि विभाग पाकिम द्वारा डिक्लिङमा f धान प्रदर्शन-सह-खेत रोपाइँ सञ्चालन

पाकिम जिल्लाको कृषि विभागले डिक्लिङ, पाचेखानी राष्ट्रिय खाद्य सुरक्षा तथा पोषण मिशन (NFSM-धान) अन्तर्गत धान प्रदर्शन-सह-खेत रोपाइँ

गर्यो।